बैठक संख्या:१०/२०८२/०८३

बैठक मिति: २०८२/१२/१८

समय: बिहान ८:०० बजेदेखि

स्थान: सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | स. प्रशासकीय अधिकृत | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कुमारी पुन | कास | | |
| ४ | जमान पुन मगर | का स | | |

CS CamScanner

## दशौं कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. वैकल्पिक सडक योजनाहरुको सिफारिस सम्बन्धमा।
३. दोस्रो सुनछहरी कप आयोजना सम्बन्धमा।
४. आ.व. २०८३/८४ को बजेट निर्माण कार्यतालिका सम्बन्धमा।
५. LGPAS को प्रारम्भिक अंक सम्बन्धमा।
६. शितभण्डार सिफारिस सम्बन्धमा।
७. हाटबजार सिफारिस सम्बन्धमा।
८. गरिब परिवार पहिचान तथ्यांक संकलन सम्बन्धमा।
९. दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

## निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको व्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८२।११।१३ गते नवौं कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्था समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | स्थानीय पूर्वाधार आयोजना कार्यालय लुम्बिनी प्रदेश बुटवलको च.नं. ५३० मिति २०८२ चैत्र १२ गतेको पत्रअनुसार सुनछहरी गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका वैकल्पिक सड्क योजनाहरु सिफारिस गर्ने।<br>क. पखेर डम्फु जलजला सड्क निर्माण योजना सुनछहरी गाउँपालिका वडा नं ७ रोल्पा<br>ख. झेलिगुङ्ग गुम्छेडा सड्क निर्माण तथा स्तरोन्नति योजना सुनछहरी गाउँपालिका वडा नं २ रोल्पा | योजना/पूर्वाधार तथा भवन नियमन शाखा | |
| ३ | दोस्रो सुनछहरी कप २०८३ वैशाख २ गतेदेखि संचालन गर्ने। | सामाजिक विकास समिति | |
| ४ | आ.व. २०८३/८४ को बजेट निर्माण कार्यतालिका सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने। लुम्बिनी सरकारसँग माग गर्ने योजनाको लिस्ट वडाहरुबाट चैत्र मसान्तसम्म माग गर्ने। | कार्यपालिका | |
| ५ | स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली LGPAS को प्रारम्भिक अंक ८२.७ अनुमोदन गर्ने। | कार्यपालिका | |
| ६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३१ मिति २०८२ चैत्र १७ गतेको पत्रअनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको च.नं. यो.ब.का/ ५१९ मिति २०८२ चैत्र १७ को पत्रानुसार शित भण्डारका सम्बन्धमा विवरण माग भइ आएकोमा सुनछहरी गाउँपालिका वडा नं ५ मा शित भण्डार का लागि कुल लागत १ करोड लागत जसमा पालिकाको ५० प्रतिशत लागत साझेदारी रहनेगरी सिफारिस गर्ने। | कृषि विकास शाखा | |
| ७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३० मिति २०८२ चैत्र १७ गतेको पत्रअनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको च.नं. यो.ब.का/ ५१८ मिति २०८२ चैत्र १७ को पत्रानुसार शित भण्डारका सम्बन्धमा विवरण माग भइ आएकोमा सुनछहरी गाउँपालिका वडा नं ४ नादगा र ५ राडुङ्मा हाटबजार का लागि कुल लागत २५ लाख २५ लाख मा ५० प्रतिशत पालिकाको लागत साझेदारी रहनेगरी सिफारिस गर्ने। | कृषि विकास शाखा | |
| ८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय को मिति २०८२।१२।१० गतेको पत्रानुसार गरिब परिवार पहिचान तथ्यांक संकलन गर्नका लागि गणकहरु भर्नाको लागि वडाध्यक्षको सिफारिसमा सम्झौता गर्ने। | संग्राम बुढामगर | |
| ९ | दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८२ चैत्र २९ बिहान ११ बजे सुनछहरी गाउँपालिका वडा नं. १ सेरम मा गर्ने। | सबै शाखा | |
| ४ | विविध कार्यसूची उपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्ने:<br>क. आ.व. २०८२/८३ को वार्षिक बजेटमा सामाजिक विकास डिभिजन कार्यालय प्युठान मार्फत कार्यान्वयन हुनेगरी जनएकता युवा क्लवको फिल्ड निर्माण भनेर बजेट विनियोजन भएको तर स्थान नतोकिएकोले उक्त जनएकता युवा क्लव सुनछहरी गाउँपालिका वडा नं. ६ फगाम मा पर्ने भएकोले कार्यान्वयनको लागि सामाजिक विकास डिभिजन कार्यालय प्युठान र सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश मा जानकारी गराउने। | पूर्वाधार तथा भवन नियमन शाखा/प्रशासन शाखा | |

CS CamScanner